*"स्वच्छ, सफा, हराभरा, शान्त, सुरक्षित मनोहर बस्ती हाम्रो अभियान।*
*यो सम्भव छ जबसम्म रहन्छ सबैको साथ, सहयोग र योगदान॥"*




# सिनामंगल नगरसेवा समाजको समन्वय, सहकार्य र सहजीकरण रणनीति तथा कार्यनीतिहरु

**मनोहरबस्ती (प्लानिङ क्षेत्र), पुरानो सिनामंगल, काठमाडौं महानगरपालिका वडा नं. ३२, काठमाडौं**

**२०८०**

# सिनामंगल नगरसेवा समाजको परिचय

काठमाडौं उपत्यका विकास प्राधिकरणले काठमाडौं महानगरपालिका हाल वडा नं ३२ (तत्कालीन वडा नं ३५) स्थित पुरानो सिनामंगलमा सिनामंगल जग्गा एकीकरण आयोजना लागू गरी नयाँ घडेरीहरू विकसित गरेको छ । यसरी विकसित गरेका घडेरीहरुमा घर निर्माण गरेका बासिन्दाहरूका बीचमा आपसी परिचय, भाइचारा, सु-सम्बन्ध र सम्पर्क कायम गर्दै यस क्षेत्रमा हुने सामाजिक, साँस्कृतिक, धार्मिक एवं भौतिक निर्माणका कार्यहरूलाई समेत व्यवस्थित र वातावरणमैत्री हुने तरिकाले सहजीकरण तथा समन्वय गरी कार्य अघि बढाउने एक समन्वयकारी र सहजकर्ता संस्थाको आवश्यकता देखिएकोले वि.स. २०५८ साल माघ २४ गते जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता भई (दर्ता नं. ६४६-०५८/५९) "सिनामंगल नगरसेवा समाज" स्थापना भएको हो । हालको विधानलाई परिमार्जन गर्न पर्ने देखिएको हुँदा यस समाजको विधान २०५८' लाई प्रथम पटक वि.स. २०७४ चैत्रमा विधिवत् रुपमा संशोधन गरी हरेक वर्ष यस संस्था जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट नवीकरण गरिँदै आएको छ ।

## सिनामंगल नगरसेवा समाजको उद्देश्य

सिनामंगल नगरसेवा समाजको कार्यक्षेत्र अर्थात् सिनामंगल जग्गा एकीकरण आयोजना (आवासीय क्षेत्र) क्षेत्र भित्र सञ्चालन हुने भौतिक निर्माण, धार्मिक एवं सामाजिक तथा साँस्कृतिक कार्यहरु, सशक्तीकरण, वातावरणीय संरक्षण (खुला स्थान तथा उद्यानहरु व्यवस्थापन) लगायतका विभिन्न क्रियाकलापहरूलाई समन्वयात्मक एवं सहजीकृत ढंगबाट गर्न गराउन सहयोग गर्ने ।

## समाजको सदस्यता सम्बन्धी व्यवस्था

- साधारण सदस्य : प्लानिङ क्षेत्रमाा स्थायी बसोवास गर्ने कुनै व्यक्तिले वार्षिक शुल्कबापत रु. २०० (दुई सय) बुझाएमा साधारण सदस्यता प्राप्त गर्न सक्नेछ । प्रत्येक सदस्यले प्रत्येक आर्थिक वर्षको पहिलो त्रैमासिक अर्थात् असोज मसान्तभित्रै सदस्यता नवीकरण शुल्क बुझाई सदस्यता नवीकरण गराइसक्नुपर्नेछ ।
- आजीवन सदस्य : प्लानिङ क्षेत्रमा स्थायी बसोवास गर्ने कुनै व्यक्तिले सदस्यता शुल्कबापत संस्थामा एकमुष्ट रु. ५००० (पाँच हजार) बुझाएमा आजीवन सदस्यता प्राप्त गर्न सक्नेछ । यस्तो सदस्यताको नवीकरण गर्नुपर्ने छैन ।
- संरक्षक सदस्य : यस सिनामंगल नगरसेवा समाज अन्तर्गतका कार्यक्षेत्रभित्रको विकास, विस्तार र आधुनिकीकरणका लागि यस संस्थालाई उल्लेख्य सहयोग/योगदान पुऱ्याउन इच्छुक विकासप्रेमी कुनै व्यक्ति वा संघसंस्थाले एकमुष्ट रु. १,००,००० (एक लाख) वा सोभन्दा बढी नगद सहयोग गरेमा संरक्षक सदस्यता प्राप्त गर्न सक्नेछ ।
- संस्थागत सदस्य : यस सिनामंगल नगरसेवा समाजको कार्यक्षेत्र भित्रको विकास, विस्तार र सुविधामा बढोत्तरीका लागि यस संस्थालाई विशेष सहयोग/योगदान पुऱ्याउन इच्छुक संघ-संस्थाहरूले एकमुष्ट रु. ५०,००० (पचास हजार)वा सोभन्दा बढी शुल्क बुझाई संस्थागत सदस्यता प्राप्त गर्न सक्नेछ ।

## समाजको कार्य संचालनका लागि कार्य समिति र सल्लाहकार परिषद गठन

हरेक दुई वर्षमा कार्य समितिको चयन गर्नु पर्ने विधानमा प्रावधान रहेको छ । साथै हरेक कार्य समिति चयनपश्चात् सल्लाहकार परिषद् गठन गर्ने क्रम जारी छ ।

**सिनामंगल नगरसेवा समाजको कार्यसमिति**

(गठन मिति : २०७९।१।१०)

| पद | नाम | सम्पर्क नं. |
|---|---|---|
| **अध्यक्ष** | विजयराज पौड्याल | ९८४१५५००६६ |
| **उपाध्यक्ष** | **उर्मिला कँडेल** | **९८४१६७४६६८** |
| **महासचिव** | किरण खनाल | ९८५१०४६२६१ |
| **सचिव** | कमला पौडेल | ९८४१९३४२६० |
| **कोषाध्यक्ष** | प्रचण्डलाल श्रेष्ठ | ९८४१५२११४७ |
| **सदस्यहरू** | लोकबहादुर पुरी | ९८५१००२९१७ |
| | खगेन्द्रराज बस्नेत | ९८५११८९६३७ |
| | राजेन्द्रप्रसाद ज्ञवाली | ९८४१४२०३५२ |
| | राधिका तिवारी | ९८५११८९६३७ |
| | देवीप्रसाद ज्ञवाली | ९८४१७३६२६४ |
| | लोचनहरि प्रसाईं | ९८५१०२९११९ |
| | **ब्लक १** | |
| | कमलबहादुर भट्टराई | ९८५१०९९७८१ |
| | लक्ष्मी पोखरेल | ९८५१०४७५८८ |
| | **ब्लक २** | |
| | ओमकुमार दाहाल | ९८४९५७३८६६ |
| | प्रमिला साह | ९८५५०४०१४० |
| | **ब्लक ३** | |
| | सीता महत निरौला | ९८४१२२०४४४ |
| | गोपीबहादुर गुरुङ | ९८४१५१६८४५ |
| | **ब्लक ४** | |
| | जानुका पराजुली | ९८४१५०३४८८ |
| | गगन श्रेष्ठ | ९८५११०९३९१ |
| | **ब्लक ५** | |
| | समृतप्रसाद शाक्य | ९८६०४७८५५४ |
| | यशोदा राउत | ९८४१६२६१५४ |

| पद | नाम | सम्पर्क नं. |
|---|---|---|
| | **ब्लक ६** | |
| | देवेन्द्रप्रसाद बतौंला | ९८५१०२६३०१ |
| | निर्मला भट्टराई न्यौपाने | ९८४१६६९४४६ |

## सल्लाहकार परिषदको व्यवस्था

यस सिनामंगल नगरसेवा समाजका कार्यहरू सुचारु रूपले सञ्चालन गर्नका लागि एक सल्लाहकार परिषद गठन गर्न सकिने विधानमा उल्लेख भएको छ। सोही बमोजिम एक सल्लाहकार परिषद् गठन गरिएको छ।

**सल्लाहकार परिषद्**

(गठन मिति : २०७९।२।१८)

| नाम | पद | सम्पर्क नं. |
|---|---|---|
| कालिदास देवकोटा | संयोजक | ९८५१० ५०२८३ |
| खडानन्द (प्रतीक) ढकाल | सदस्य | ९८५१० ९५२२० |
| तोयम राय | सदस्य | ९८५११३८९५५ |
| डा. रवीन्द्रराज गिरी | सदस्य | ९८६०१०१९५५ |
| देवेन्द्र पोखरेल | सदस्य | ९८४१ ३३३६७६ |
| डा. नानीराम सुवेदी | सदस्य | ९८५१०८६७५८ |
| निर्मला अधिकारी | सदस्य | ९८५१२२६५३० |
| भोलानाथ पाठक | सदस्य | ९८५१०३२२४८ |
| विशाल सापकोटा | सदस्य | ९८५१०४५६६१ |
| नरेन्द्रप्रसाद न्यौपाने | सदस्य | ९८५११०६६५ |
| सञ्जय कपाली | सदस्य | ९८५१०१६१९० |
| मणि गौतम | सदस्य | ९८०२०३०८३ |
| सुरेशप्रसाद रेग्मी | सदस्य | ९८४१२५४९५५ |
| बुद्धि रिजाल | सदस्य | ९८४९६०३५६९ |
| होमप्रसाद पाण्डे | सदस्य | ९८५८०२०३१० |
| डा. गोपाल तिवारी | सदस्य | ९८४१३३३२२६ |




## रणनीति तथा कार्यनीतिहरु

स्मार्ट शहरको अवधारणामा कार्यान्वयनमा जोड दिँदै शान्त, सुरक्षित, हराभरा, स्वच्छ, सुविधायुक्त शहर निर्माणका लागि सिनामंगल नगरसेवा समाजले निम्न रणनीति तथा कार्यनीतिहरु तय गरेको छ ।

- **स्वच्छ तथा सफा नगर अभियान सञ्चालन गरिनेछ** : हरेक चोक र मार्गका लागि सरसफाइ अभियान तथा सफाइकर्मी परिचालन तथा फोहरमैलाको उचित व्यवस्थापनका लागि सहजीकरण गर्ने ।

- **प्रदूषणमुक्त नगर स्थापना गरिनेछ** : ध्वनि, जल, वायु प्रदूषण रोकथाम र नियन्त्रणका लागि पहल गर्ने ।

- **हराभरा घर आँगन, नदी किनार ग्रीनवेल्ट र खुला स्थान तथा उद्यान व्यवस्थापन गरिनेछ** : हरियो, सफा, शान्त, लैङ्गिकमैत्री तथा अपाङ्गमैत्री, सुरक्षित, उज्यालो र स्वास्थ्यका लागि खोला किनार, उद्यान र मैदान व्यवस्थापनमा पहल गर्ने ।

- **स्थानीय स्रोत र सम्पत्ति व्यवस्थापनमा स्थानीय सरोकारवालाको हक कायम अभियान सञ्चालन गरिनेछ** : स्थानीय स्रोतको परिचालन स्थानीय बासिन्दाको हक कायमका लागि वकालत र पैरवी गर्ने ।

- **पूर्वाधार विकास र संभारमा सहजीकरण गरिनेछ** : सडक, सडकबत्ती, ढल, मंगाल, तार व्यवस्थापनका लागि विभिन्न निकायहरूसँग समन्वय र सहजीकरण गर्ने ।

- **सूचना र सञ्चारको व्यवस्थापन गरिनेछः** मोवाइल एप्स, ब्रोसर, माइकिङ, साइनबोर्ड, साइन पोष्ट, सामाजिक सञ्जाललगायत विभिन्न माध्यमबाट सूचना आदान-प्रदान गर्ने ।
- **शान्त र सुरक्षित क्षेत्र कायम गरिनेछ**ः व्यवसाय सञ्चालनको आचार संहिता र मापदण्ड कार्यान्वयनका लागि पहल गर्ने ।
- **कार्यालय तथा कोषको दिगो व्यवस्थापन गरिनेछः** देउसी-भैलो कार्यक्रम, पुस्तक प्रकाशनलगायत कागत, प्लास्टिक, कपडा जस्ता वस्तु समाजलाई दान जस्ता फण्डरेजिङ कार्यक्रम सञ्चालन, समाजको लेखापरीक्षण र समाजमा पारदर्शितामा जोड दिने ।
- **स्थानीय, प्रदेश र संघीय सरकारहरु तथा स्थानीय संघ सस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ :** हरेक रणनीतिमा उल्लेख भएका कार्यनीतिअनुसार गर्नु पर्ने क्रियाकलापहरु सम्पन्न गर्न आन्तरिक र बाहृय स्रोत परिचालन गर्न तीन तहका सरकार, विशेषगरी का.म.पा. वडा नं ३२ र स्थानीय संघसंस्थाहरुसँग भेटघाट, अन्तरक्रियाका माध्यमबाट समन्वय र सहकार्य गर्ने ।

## वर्तमान कार्य समितिको सहजीकरणबाट वर्षे अवधिमा भएका उपलब्धिहरु

- **सरसफाइका लागि पहल** : हरेक चोक र मार्गका लागि सफाइकर्मी परिचालन तथा फोहरमैलाको उचित व्यवस्थापनका लागि सहजीकरण र कार्यान्वयन सुरु गरिएको छ ।
- **सडक सुरक्षा र एवं सचेतना** : ध्वनि, जल, वायु प्रदूषण रोकथाम र नियन्त्रणका लागि सचेतना गराउन माइकिङ गरिएको छ । प्रहरी प्रभाग काँडाघारीसँग समन्वय र सडक डिभिजन काठमाडौंको सहयोगमा ट्राफिक साइन र सडक सुरक्षा साइन पोष्ट लगाइएको छ ।
- **हरियाली व्यवस्थापन** : खोला किनार, उद्यान र मैदान व्यवस्थापनमा पहल समझदारी र समन्वय गरिएको छ ।



- **सडक मर्मत ढल मंगाल निर्माण एवं सडकवत्ती व्यवस्थापन :** सडक मर्मत र स्तरोन्नति तथा कालोपत्रेका लागि सडक डिभिजन काठमाडौं, काठमाडौं उपत्यका विकास प्राधिकरण, काठमाडौं महानगरपालिका, प्रदेश सरकारको शहरी विकास कार्यालयहरुसँग समन्वय गरिएको र सो कार्यबाट धुलो हिलो न्यून भएको छ । सडकबत्ती जडान र मर्मतका लागि काठमाडौं महानगरपालिकासँग

समन्वय गरिएको कारण आवास क्षेत्र झिलिमिली भएको छ। ढल, मंगाल थप र मर्मत गरी वस्ती डुबान कम गरिएको छ।

- **सूचना, सचेतना एवं लगत संकलन** : समाजका क्रियाकलाप सफलतापूर्वक सम्पन्न गर्न ब्रोसर तयार गरिएको, टोलटोल र ब्लकमा माइकिङ गरिएको, चेतनामूलक साइनबोर्ड र साइन पोष्ट विभिन्न संस्थाहरुको सौजन्यमा तयार गरिएको, सामाजिक सञ्जाललगायत विभिन्न माध्यमबाट समाजको बैठकका निर्णय, काठमाडौं महानगरपालिकालगायत निकायहरुका उपयोगी सूचना आदान-प्रदान गरिएको छ। आजीवन र साधारण सदस्यहरुको नामावली लगत तयार गरिएको छ। खाजाघर, फर्निचर उधोग, घर निर्माण गर्दा सडकमा भण्डारण गर्ने व्यक्तिहरुलाई टोल समिति, उद्यान समिति, ब्लक समितिको सहयोगमा सचेतना कार्य गरिएको छ।

- **कोष बृद्धि र पारदर्शिता** : देउसी-भैलो कार्यक्रम र समाजको चिनारी पुस्तक प्रकाशनको माध्यमबाट विज्ञापन संकलन, सदस्यता नवीकरण एवं विस्तार गरी समाजको कोष वृद्धि गरिएको छ। वि.स. २०८० जेष्ठ २७ मा साधारणसभा, नियमित लेखापरीक्षण आयव्ययमा बैंकिङ कारोबारमात्र गरी वित्तीय क्षेत्रमा पारदर्शिता कायम गरिएको छ। कार्यालयको लागि नयाँ कोठा भाडामा लिई कार्यहरु अघि बढाइएको छ।

## टोल समिति गठन र सदस्यता विस्तार अभियान

साधारण सदस्यता विस्तार गर्ने क्रम वि.स. २०५८ सालदेखि नै चलिरहेको छ। यस कार्यक्रमलाई निरन्तरता दिइने छ। तर हरेक वर्ष यस्तो साधारण सदस्यता विस्तार र नवीकरणका लागि रु २०० संकलन गर्न चुनौती बनेको छ।

- खासगरी सदस्यता विस्तार र नवीकरणका लागि घरदैलो गर्दा निकै **समय** लाग्ने अवस्था छ। हरेक वर्ष नवीकरण गर्ने **झन्झट** भएको महसुस भएको छ।

- हरेक वर्ष सबै घरधुरीवाट रु २०० पनि जम्मा नभएको र एकै पटक जम्मा नहुँदा सो रकम मुद्धति खातामा राख्न नमिल्ने भएबाट समाजको कार्यालय व्यवस्थापन र आपतकालीन कार्य सञ्चालन गर्न पनि **वित्तीय अवस्था कमजोर** रहेको छ।

- विगतमा थालनी भएका सोलार समिति, उद्यान निर्माण समिति, साइरन समिति, सडक निर्माण समिति तथा टोल समितिवाट रकम संकलन भएका रकमको **पारदर्शिता** जरुरी रहेको छ।

- टोल समितिहरु गठन भएका छन्। सो टोल समितिलाई सक्रिय वनाउन पर्ने एकातिर छ भने कतिपय ब्लकमा टोल समिति गठन भएका छैनन्। जसले गर्दा सदस्यता नवीकरण, सडक वत्ती मर्मत, सडक मर्मत एवं सूचना प्रवाह जस्ता समाजका हरेक कार्य सहजीकरणमा बाधा परिरहेको छ।

| ब्लक | टोल समिति | | जम्मा |
|---|---|---|---|
| | गठन भएको | गठन सम्भावना | |
| **१** | ९ | ३ | १२ |
| **२** | २ | ५ | ७ |

| | | | |
|---|---|---|---|
| **३** | ६ | ६ | १२ |
| **४** | १ | ८ | ९ |
| **५** | २ | ७ | ९ |
| **६** | २ | १३ | १५ |
| **जम्मा** | **२२** | **४२** | **६४** |

- यस वर्ष २०८० भित्र सम्पूर्ण ब्लकहरुमा नयाँ टोल समिति गठन गर्न सहयोग गरौं । मौजुदा टोल समितिलाई सक्रिय बनाऔं ।
- रु ५००० एकमुष्ठ तिरेर सिनामंगल नगरसेवा समाजको आजीवन सदस्यता लिऔं । साथै, संस्थागत र संरक्षक सदस्य भई समाजले थालनी गरेको महान् अभियानमा सहभागी बनौं । हरेक वर्ष नवीकरण गर्ने झन्झटबाट मुक्त होऔं । व्यस्त समयमा आफूलाई सहज र सजिलो बनाऔं ।

## मंगल नगरसेवा सँस्थाहरुबीच एक आपसमा समन्वय र सहकार्य

- डुङ्गारुपी समाजको सफल सयरका लागि यस सिनामंगल जग्गा एकीकरण आयोजना क्षेत्रमा बसोबास र व्यवसाय सञ्चालन गर्नु हुने सम्पूर्ण व्यक्ति, संघ संस्थाहरु बीच एक आपसमा समन्वय र सहकार्य गर्दै अगाडि बढेमा योजनाबद्ध ढंगले निर्माण भएको शहरलाई वर्तमान अवस्थामा देखापरेका समस्याहरु समाधानका लागि ***समाजको पहलमा समाजका सदस्यहरुले नै समाजका लागि*** गर्न सकिने देखिएको छ। राज्यका तीन तहका सरकारले सञ्चालन गर्ने विकास तथा वातावरण संरक्षणका कार्यक्रमहरुमा समाजले सहजीकरण गरि रहेको नै छ।

- आन्तरिक र बाह्य स्रोत परिचालनका लागि हामी समन्वय, सहकार्य र सहजीकरण गरिरहेका छौं । सो बाहेकका हाम्रा समस्याहरु हामी मिलेर समाधान गर्न सक्ने क्षमता प्रदर्शन गर्नु हाम्रो कर्तव्य र जिम्मेवारी पनि हो । यसका लागि सिनामंगल नगरसेवा समाजले समय समयमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिरहेको छ। उक्त कार्यक्रममा सक्रियताका साथ सहभागी भई समाजको दिगो विकास लक्ष्यमा हातेमालो गर्न अनुरोध छ।




**आदरणीय यस आवासीय क्षेत्रमा स्थायी बसोबास गर्ने महानुभावज्यू, यस संस्थाको आजीवन सदस्य भई संस्थाको दिगो विकास, समुन्नत समाज निर्माण अनि नगर निर्माणको निमित्त सहजीकरणका लागि सहयोग गरिदिनु हुन हार्दिक अनुरोध गरिन्छ। यहाँहरुले आजीवन सदस्यताको रकम जम्मा गरिदिंदा कृपया आफ्नो पूरा नाम, तपाई बसोबास गर्ने मार्गको नाम र तपाईको मोबाइल नम्बर पनि उल्लेख गरिदिनु हुन सादर अनुरोध गरिन्छ।**